कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १६१ | वि.सं. २०८१ | असोज | ५ | शनिवार | नेपाल संवत्: ११४४, | असोज कृष्ण चतुर्थी | Saturday | 21 | September. | 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

### बर्षेनी बढ्दै मानविय क्षति

# कर्णाली राजमार्ग र आसपासका बस्ती बाढीपहिरोको उच्च जोखिममा

**रमेश रावल**
**सुर्खेत, ४ असोज ।**



### ● घटना-१

१३ साउन २०७७ मा नरहरिनाथ गाउँपालिका-७ बाँगा र वडा नम्बर ४ को माँझगोठीमा पहिरोले दुई घर बगायो । स्थानीय गंगे बुढा र बाले बुढाको घर पहिरोमा परे । उक्त पहिरोमा परी ६५ बर्षिय गंगे बुढा, उनकी श्रीमती ६१ वर्षीया नैना बुढा, २४ बर्षिया बुहारी कुशा बुढा, १६ वर्षीया छोरी विमला बुढा, १० वर्षीया नातिनी चन्द्रीका बुढा, सात बर्षिय नाति राम बुढा, डेढ वर्षीय नाति चरित्र बुढाको मृत्यु भयो । नरहरिनाथ गाउँपालिका-४ को माँझगोठीमा पनि पहिरोले घर बगाउँदा ६५ वर्षीय बाले बुढा र उनकी श्रीमति ६३ वर्षीया मन बुढाको मृत्यु भयो ।

### ● घटना-२

३० साउन २०७७ मा कालिकोटको महाबै गाउँपालिका- ३ नकु भन्ने स्थानमा पहिरो जाँदा ६ जनाको मृत्यु भयो । रजबहादुर विष्टको घर पुरिँदा महाबै गाउपालिका ३ नख्खु गाउँ कालिकोटमा वडा सदस्य रजबहादुर बिष्टको घर पहिरोमा पुरिएर उनका दुई छोरा दुई छोरी र उनका दाजु डिलबहादुर बिष्टका दुई छोरी गरि जम्मा छ जनाको मृत्यु भएको थियो ।

### ● घटना-३

२४ असोज २०७९ सालमा तिलागुफा नगरपालिका-४ राँचुली गाउँबाट मलामी गएका वडाध्यक्षसहित १७ जना पहिरोमा परेर वेपत्ता भए । पहिरोमा वडाध्यक्ष परबहादुर शाहीसहित १७ जना बेपत्ता भएकाको अहिलेसम्म वेपत्ता रहेका छन् ।

माथिका यी प्रतिनीधिमूलक घटना मात्र हुन् । २०७३ सालमा पनि नरहरिनाथ

बाँकी ३ पेजमा

### नरहरिनाथका ३२ घर उच्च जोखिममा

कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिका-५, को रुप्सास्थित दमायाठोक्ना गाउँमा ३२ घरपरिवार बाढीपहिरोको उच्च जोखिममा परेका छन् । घर तलबाट निरन्तर पहिरो गइरहेका कारणले रुप्सा गाउँका ३२ घरपरिवार बाढीपहिरोको जोखिममा परेका हुन् ।

निरन्तर पहिरो खस्न थालेपछि गाउँबस्ती जोखिममा परेको छ । पानी पर्दा साथ गाउँको तल्लो भागमा निरन्तर पहिरो बगिरहेको र त्यहाँ ३२ घरपरिवार बाढीपहिरोको जोखिम रहेको गाउँबाट आवात-जावत गर्न पनि समस्या भएको स्थानीय रवि बोगटीले जानकारी दिए ।

'विद्यार्थीहरुलाई स्कुल जान, स्थानीयलाई स्वास्थ्य

बाँकी ३ पेजमा

### वडाध्यक्ष भन्छन् 'म आफैं पीडित छुँ'

नरहरिनाथ गाउँपालिका-५ का वडाध्यक्ष मानबहादुर सहकारीले आफु नै बाढीपहिरो पीडित रहेको आफु अहिले आफु अरुको घरमा आश्रय लिएर बसिरहेको जानकारी दिए । 'म १५ दिनदेखि अरुको घरमा आश्रय लिएर बसीरहेको छु,' उनले भने, 'यहाँ गाउका ३२ घरपरिवार आश्रयका लागि अरुको घरमा बस्दै आउनु भएको छ ।'

गाउँपालिकाले पनि विपद्का परेकालाई राहत तथा अन्य काममा सहयोग नगरेको उनको गुनासो रहेको छ । 'प्रहरी बोलाएर स्थानीय विपद् व्यवस्थापन समितिले क्षतिको मुचुल्का उठाउने काम भएको छ,' उनले भने, 'गाउँपालिकाले बैठक बसेर जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्नुपर्ने हो । त्यो हुन सकेको छैन् । गाउँपालिकाको ढिलाईका कारणले हो ।'

बाढीपहिरो पीडितले अहिले त्रिपाल बाहेक अरु केही नपाएको वडाध्यक्ष सहकारीले बताए । 'वडा सरकारको हातमा केही पछि छैन् । म पनि बाढीपहिरोको पीडित हुँ,' उनले भने,'मैले कसरी पीडितलाई राहत दिने, कसरी सुरक्षित स्थानमा राख्ने चिन्ता छ । मसँग त्यो दिनका लागि केही पनि छैन ।'

## बेरुजु फछ्र्यौट समिति गठन गर्ने सरकारको निर्णय

**युग संवाददाता**
**काठमाडौं, ४ असोज ।**

सरकारले बेरुजु फछ्र्यौटका लागि भन्दै बेरुजु फछ्र्यौट समिति गठन गरेको छ । गत बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेका बेरुजु फछ्र्यौट गर्न भन्दै प्रतिनिधि सभा अन्तर्गतको सार्वजनिक लेखा समितिका सदस्य अच्युतप्रसाद मैनालीको अध्यक्षतामा बेरुजु फछ्र्यौट समिति गठन गरेको हो ।

बैठकले समितिको कार्यक्षेत्र समेत तोकेको छ । त्यसैगरी कार्तिक ५ गतेदेखि १० गतेसम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीमा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिन अर्थमन्त्री नेतृत्वको प्रतिनिधि मण्डललाई बैठकमा भाग लिन स्वीकृति समेत दिइएको छ ।

मन्त्रीपरिषद्ले काठमाडौं उपत्यका खानेपानी आपूर्ति सुधार आयोजना(दोस्रो)को लागि एशियाली विकास बैंकबाट प्राप्त हुने करिव २२ अर्ब ८९ करोड रुपैयाँ बराबरको सहुलियतपूर्ण ऋण सहायता, करिव २ अर्ब १ करोड रुपैयाँ बराबरको अनुदान सहायता एवंम् जापानबाट प्राप्त हुने करिव ४० करोड ३९ लाख रुपैयाँ बराबरको अनुदान सहायता सम्बन्धी वित्तीय सम्झौता तथा अन्य दस्तावेजलाई अन्तिम रुप दिन नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णय पनि गरको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

त्यसैगरी मन्त्रिपरिषद्ले प्रत्येक वर्षको वैशाख ७ गतेलाई राष्ट्रिय याक दिवसको रुपमा मनाउने निर्णय गरेको छ । बैठकले बालि तथा पशु धन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० खारेज गर्ने, नेपाल र गणतन्त्र इन्डोनेशियाबिच हुने द्विपक्षिय परामर्श संयन्त्र स्थापना सम्बन्धी समझदारी पत्र स्वीकृत गर्ने र उल्लेखित समझदारी पत्रमा समकक्षी मिलाइ हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने तथा समस्याग्रस्त सहकारी संस्था व्यवस्थापन समितिको रिक्त पदमा ध्रुव आचार्य, ललिता कुमारी महर्जन र महेसकुमार काफ्लेलाई मनोनित गर्ने पनि निर्णय गरेको छ ।

सरकारले राष्ट्रिय सहकारी विकास बोर्डको कार्यकारी समितिमा बागमती प्रदेशबाट तेजेन्द्रबहादुर खड्का, गण्डकी प्रदेशबाट प्रदीपराज अधिकारी, लुम्बिनीबाट गुणनिधि भुसाल, कोशि प्रदेशबाट एकराज निरौला र कर्णाली प्रदेशबाट भूपेन्द्रबहादुर सिंहलाई मनोनयन गरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तत्कालिन वन्यजन्तु आरक्ष बिस्तार हुँदा राष्ट्रिय निकुञ्जभित्र परेका नम्बरी आवादी जग्गाहरुको सट्टा भर्ना गर्ने सम्बन्धमा उच्च अदालतका पूर्वन्यायाधीश जयानन्द पनेरुको अध्यक्षतामा ६ सदस्यीय अधिकार सम्पन्न आयोग गठन गर्ने

बाँकी ३ पेजमा

## 'संघीय राजश्व बाँडफाँड कर्णालीका लागि न्यायोचित छैन'



**युग संवाददाता**
**सुर्खेत, ४ असोज ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कडेलले अन्य प्रदेश सरह संघीय सरकारले बाँडफाँड गर्ने राजश्व न्योचित नभएको बताएका छन् । शुक्रबार आयोजित संघीय सबलिकरण सम्बन्धि प्रदेशस्तरिय कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले भुगोल र पिछडिएको प्रदेशमा रुपमा रहेको कर्णालीलाई संघीय सरकारले अन्य प्रदेश सरह राजस्व बाँडफाँड गर्दा न्यायोचित नहुने बताएका हुन् । मुख्यमन्त्री कँडेलले संघीयता कार्यान्वयन महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तिय संघीयताको विषयमा संघीय सरकार थप उदार हुनुपर्ने बताए । 'संघीयतापछि प्रदेशमा नागरिकका अपेक्षा र आवश्यकता बढेका छन्,' मुख्यमन्त्री कडेलले भने 'तर आम्दानीको अवस्था भने न्यून छ । यस्तो अवस्थामा संघीय सरकारले दिने कार्यक्रम र अनुदानलाई बढाउनै पर्छ ।' जनताको अपेक्षा र आवश्यकता बढदै जाँदा स्रोतको अभावमा जनताका यथोचित आवश्यकता पुरा गर्न नसकिएको मुख्यमन्त्री कँडेलको भनाई थियो ।

> 'तर आम्दानीको अवस्था भने न्यून छ । यस्तो अवस्थामा संघीय सरकारले दिने कार्यक्रम र अनुदानलाई बढाउनै पर्छ ।'


संघीय संरचनामाथी विभिन्न हिसाबले प्रश्नहरु खडा भइरहेको तर्फ संकेत गर्दे मुख्यमन्त्री कंडेलले केही कमीकमजोरी भएपनि अहिलेनै संघीयताको विषयमा पुर्नविचार गर्ने बेला भइनसकेको बताए । 'जसरी केही हुदै नभएको हिसाबले प्रचार गरिएको छ त्यसो होइन । तीनै तहका सरकारले आफनो श्रोत र क्षमता अनुसार नागरिकको हित र समृद्धिमा काम गरिरहेका छन,' उनले भने । संघियताका तीन महत्वपूर्ण पक्ष मध्ये राजनीतिक, प्रशासनिक र वित्तिय संघीयताका विषयमा प्रमुख दलका शीर्ष नेतृत्वले विशेष ध्यान पुऱ्याउनुपर्ने मुख्यमन्त्री कँडेलको भनाई छ । प्रमुख दलहरुबीचको एकताका कारण संघीयतासहितको संविधान जारी भएको स्मरण गर्दै मुख्यमन्त्री कँडेलले संघीयता कार्यान्वयनमा पनि सत्ता पक्ष र प्रतिपक्ष नभनेर सबैको एकताबद्ध हुन जरुरी रहेको बताए । संघीयता कार्यान्वयनमा विषय केन्द्रित छलफल जरुरी रहेको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले सत्ता केन्द्रित छलफलले राष्ट्रिय एकता नहुँने बताए ।

डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९८२९६७५६५०, ९७६९७७२९२३



# पुनर्निमार्णको पर्खाइमा दूल्लु दरबार

वि.सं. १४५३ मा तत्कालीन खस राजा संसारी बम्मले स्थापना गरेको पुरातात्विक महत्वको दूल्लू दरबार २०५९ बैशाख ८ गते तत्कालीन माओवादी विद्रोहीले बम विस्फोट गराएपछि भत्किएको थियो । राज्यले दूल्लू दरबार पुनर्निर्माणमा ध्यान नदिँदा इतिहास बोकेको संरचना अहिले खण्डहर बनेको छ ।



✍ शेर बहादुर खत्री

संसारी वर्माद्धारा विक्रम सम्वत १४५३ मा स्थापना गरिएको दूल्लु राज्य उत्तिम शाहीको पालामा विक्रम सम्वत १८४६ कार्तिक २१ गतेका दिन अमरसिंह थापाको नेतृत्वमा दूल्लु विजय गर्न गएको गोर्खाली सेना देखेपछि दूल्लुका सम्पूर्ण जनताहरु घर छोडेर गएका थिए । यसरी जनताहरु डराएर भागेपछि दुई पक्षबीच लडाई हुन सकेन । त्यसैले उत्तिम शाहीले गोर्खाली सेनासँग आत्मसमर्पण गरी सहयोग गर्ने कबुल गरे । त्यसपछि गोर्खा राज्यको अधिनस्थ भएर पनि दूल्लु राज्यले रजौटाको सम्मान पाएकै थियो । आफ्नो कबुल अनुसार उत्तिम शाहीले गोर्खाली सेनाहरुसँग लागेर नेपाल एकिकरणको पश्चिम विजय अभियानमा कोठागढीको युद्धमा वीरगति प्राप्त गरे । युवा राजा उत्तिम शाहीकी रानी गर्भवती रहेकी र उत्तिम शाही निसन्तान नै परलोक भएकाले गीर्वाणयुद्ध विक्रम शाहबाट रानीको मासिक खान्गीको व्यवस्था गरियो । केही समय पछि उत्तिम शाहीको रानीबाट छोरा रुद्र शाह जन्म भएर उमेर पुगेपछि उनका बाबु उत्तिम शाहीले नेपाल सरकारलाई लगाएको गुन सम्झेर रुद्र शाहीलाई दूल्लुको राजा बनाइयो । यिनले दूल्लुका जनताको मुद्धामामिला हेर्ने र राजस्व सङ्कलन गर्नेसमेत अधिकार पाए ।

नेपाल एकिरणपछि दूल्लुमा रुद्र शाह, श्रीभक्त शाह, भक्त बहादुर शाह, पृथ्वीनारायण शाह र जङ्गबहादु शाह क्रमैसँग दूल्लुका राजा भए । विक्रम सम्वत २०१८ सम्म यो व्यवस्था कायम रह्यो । त्यसपछि भने नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेर आधुनिक नेपालको ढाँचा बनेपछि दैलेख जिल्लाको आकार पनि खुम्चियो । दैलेख बजारलाई दैलेख जिल्लाको सदरमुकाम कायम गरिएपछि दूल्लु दूल्लुमा रहेका अड्डा अदालतहरु दैलेख बजारमा सारिए । विक्रम सम्वत १९८१ मा तत्कालिन दूल्लुका राजा जङ्गबहादुर शाहले निर्माण गरेको दूल्लु दरबार दिन प्रतिदिन उजाड हुँदै गयो । दूल्लु दरबारमा बस्ने परिवार पनि दूल्लु छोडेर सुर्खेत, नेपालगञ्ज र काठमाण्डौं बस्न थाले । विक्रम सम्वत २०५९ बैशाख ८ गतेका राती तत्कालीन विद्रोही माओवादीहरुले यो दरबारमा बम विस्फोट गराए । दूल्लु दरबार दैलेख जिल्लाको दूल्लु नगरपालिका स्थित पटाङ्गिनी भन्ने ठाउँको पश्चिम दक्षिण भागमा अवस्थित यो दरबार हाल भग्नावशेषमा परिणत भएको छ । यो दरबारलाई नेपाल एकिरणपछिको दरबार मानिएको छ । राज्य रजौटा उन्मुलन ऐन बमोजिम राज्य खारेज भएपछि हाल यस दरबारले चर्चेको जग्गा र दरबार समेत उदयरत्न शाह र जङ्गबहादुर शाह दुई पक्षका ११ जना अंशियारहरुका बीच फाँडफाँड भएको थियो ।

तत्कालीन बाईसे चौविसे राज्यमध्येको दूल्लु सिंजा साम्राज्यको शीतकालीन राजधानीका रुपमा चर्चित र ऐतिहासिक क्षेत्र हो । १४५३ मा तत्कालीन खस राजा संसारी बम्मले स्थापना गरेको दूल्लु दरबार अब भग्नावशेष मात्र देखिन थालेको छ । अहिलेको दूल्लु बजार त्यसबेला सिंगो सिंजा राज्यको केन्द्र थियो । यसको वरपर इतिहास





जोडिएका पुरातात्विक महत्वका दरबार, नेपाली भाषाको पहिलो शिलालेख, शिलास्तम्भ, पौवा, कुवा र धाराहरु प्रशस्त छन् ।

**दूल्लु राज्यको संक्षिप्त इतिहास**

बाइसे चौविसे राज्यकालमा दूल्लु राज्यको राजधानीको रुपमा चर्चित दूल्लु खस राजा नागराजको शितकालिन राजधानी रहेको कुरा ऐतिहासिक वर्णनहरुमा उल्लेख गरिएको पाइन्छ । विभिन्न शिलालेखहरुमा यस ठाउँलाई दुर्लभप्रदेश, दुर्लङ्घ्य नगर भनेर उल्लेख भएको छ तथापी यसको नामाकारणको सम्बन्धमा कुनै ठोस प्रमाण नभेटिएतापनि बालेश्वर शिवालय र धुलेश्वर पर्वतको बीचमा रहेको नागदुलोको नामका कारण यो क्षेत्रको नाम दुलो भएको र पछि अपभ्रंस हुँदै दूल्लु रहेको कुरा स्थानीय जनश्रुतीमा रहेको पाइन्छ ।

तिब्बतको खारीदेखि बंगालसम्म फैलिएको विशाल सिंजा राज्य बाइसे-चौबिसे शासनकालभन्दा पहिले नै स्थापित थियो । 'सिंजा हाट दूल्लु विराट' भन्ने उक्तिअनुसार सिंजाको प्रशासनिक केन्द्र दूल्लु थियो भने व्यापारिक केन्द्र सिंजा बनाइएको थियो । जसअनुसार हिउँदमा दूल्लु दरबारमा र वर्षायाममा सिंजा दरबारबाट तत्कालीन राजाले राज्य सञ्चालन गर्थे । दूल्लु राज्यले तीन पटक उपत्यकामा आक्रमण गरी त्यहाँको केही धनसम्पत्ति ल्याएको मध्यकालीन इतिहासमा उल्लेख गरिएको छ ।

नेपालको एकिकरणमा दूल्लुका राजा उत्तिम शाही नेपाली सेनाको नेतृत्व गर्दै भारतको अलमोडा गंगोलीमा गएको बेला मारिएका थिए । नेपाल एकिकरणको समयमा दूल्लु राज्य-रजौटा ऐन, २०१७ लागू नहुन्जेलसम्म छुट्टै राज्यको रुपमा अस्तित्वमा थियो । नेपाली भाषाको पहिलो शिलालेख दूल्लुका राजा नागराजका उत्तराधिकारी दामुपालको पालामा ९०३ सालमा लेखिएको इतिहासकार पूर्णप्रकाश नेपाल यात्रीका पुस्तकहरुमा उल्लेख छ भने इतिहास भाग-२ मा योगी नरहरिनाथले यो नै पहिलो शिलालेख भएको पुष्टि गरेका छन् ।

बाइसे चौबिसे राज्यकालमा २४ जिल्लामा सबैभन्दा धेरै महत्व बोकेको दूल्लू क्षेत्रमा रहेको सिंजा साम्राज्यको राजधानी रहेको दूल्लु क्षेत्रको दरबार अस्तित्व अहिले संकटमा परेको देखिन्छ । दूल्लुका इतिहासविद् भूपालविक्रम शाहले ऐतिहासिक इतिहास बोकेको दूल्लु क्षेत्रलाई जोगाई राख्न सबैले ध्यान दिनुपर्ने भएपनि कसैले पनि पुराना सम्पदा संरक्षणमा ध्यान नदिँदा पुरातात्विक सम्पदा मासिँदै गएको र अहिले दूल्लुको अस्तित्व संकटमा परेको बताउँनुहुन्छ ।

नेपाली भाषामा लेखिएको अभिलेख सबैभन्दा पुरानो शाके ९०३ अर्थात वि.सं. १०३८ हो जसलाई त्यस समयका 'कर्णाली प्रदेशीय नागराजका उत्तराधिकारी दामुपाल'को कालखण्डको भाषालिपि भनिएको छ ।

नेपाली भाषाको उत्पत्ति जुम्लाको सिँजाबाट भएको भए पनि लिपिबद्ध गरिएको इतिहास भने दैलेखसँग जोडिएको मानिन्छ । अहिले दूल्लु नगरपालिकामा रहेको पौवा दरबारलाई आफु नगरपालिकाको मेयर हुँदा साँस्कृतिक सङ्ग्राहलयका रुपमा बिस्तार गरिएको प्रदेश सांसद घनश्याम भण्डारीले बताउँनु भएको छ ।

दैलेखको खासगरी दूल्लु क्षेत्रमा एक हजार बढी मूर्तअमूर्त ऐतिहासिक र साँस्कृतिक सम्पदा रहेका छन् । योगी नरहरिनाथ पछाडिका विज्ञले यसको पुर्नलेखन गरेका छैनन् । दैलेखका पत्रकारले इतिहासको पुर्नलेखन भनेर अभियान थालेको भएपनि स्थानीय तहले यसतर्फ ध्यान नदिएको कारण धेरै पुरातात्विक बस्तु तथा सम्पदाहरु हराउँदै मासिँदै गएको छ । दूल्लु क्षेत्रमा भएका ऐतिहासिक र साँस्कृतिक सम्पदाको संरक्षणमा केन्द्रीय सरकार, प्रदेश सकार र स्थानीय तहको उदासीनताले दूल्लु क्षेत्रको अस्तित्वमा संकटमा परेको स्थानीयको गुनासो रहेको छ ।

**पुरातात्विक सम्पदा व्यक्तिका नाममा**

नेपाल एकिरणपछि दूल्लुमा रुद्र शाह, श्रीभक्त शाह, भक्तबहादुर शाह, पृथ्वीनारायण शाह र जंगबहादुर शाह क्रमसँगै राजा बने । दूल्लु दरबार आसपासमा ती राजाका ११ सन्तानका नाममा ऐतिहासिक सम्पदाहरु छन् । २०४८ सालको नापीले सरकारी जग्गा सबै व्यक्तिका नाममा दर्ता गरिदिएको देखिन्छ भने मल्ल राजाको शासनकालमा जुम्लाको सिंजा र दूल्लुमा स्थापना भएका एकसयभन्दा बढी ऐतिहासिक सम्पदा संरक्षण अभावमा मासिएका छन् । पुरातत्व विभागको संरक्षण सूचीमा रहेको हिन्दु र बौद्ध धर्मको प्रतिक 'ॐ मणी पद्मे हुँ' (बौद्ध धर्मावलम्बीहरुको मन्त्र)को अभिलेख दूल्लु-५ का मोतिप्रसाद जैसीको नाममा छ । उक्त प्रतीक १२७९ मा लेखिएको पुरातत्व विभागले प्रमाणित गरिसकेको छ । जमिनको सहतबाट करिब ३ मिटर अग्लो उक्त पात्थरनाउलीको परिधि ६ मिटर रहेको उक्त प्रतिक जीर्ण अवस्थामा छ । जैसीका नाममा तत्कालीन राजाहरुले प्रयोग गर्ने कुवा पनि छ ।

राजा राजेन्द्रविक्रम शाहले निर्माण गरेको दूल्लु सांस्कृतिक संग्रहालय र भवन वरपरको जमिन विष्णुबहादुर सिंहको नाममा छ । पौवा अगाडि रहेको हनुमान मन्दिर कविराज सिंहको नाममा छ । १०३८ को दामुपालले अभिलेख गरेको नेपाली भाषाको पहिलो शिलालेख इलाका हुलाक कार्यालय दूल्लुको नाममा छ । दूल्लु दरबार आसपासको सबै जग्गा ज्वालाकुमारी शाहीको नाममा छ । दूल्लु क्षेत्रका सम्पदाहरु करिब ७ सय १० वर्ष पुराना भएको नगरपालिकाको तथ्यांक छ (ज्वोती कटुवाल, कान्तिपुर, २७ माघ २०७९) । व्यक्तिका नाममा रहेका दरबार, कोट, देवल, मन्दिर, चौतारो, धारा-कुवा, शिलालेखलगायत सम्पदा २०४८ सालको नापीका क्रममा पुरातत्व विभागले चासो नदिँदा व्यक्तिले ऐतिहासिक आफ्ना नाममा दर्ता गराएका र पुरातात्विक सम्पदाहरु व्यक्तिकै नाममा भएकाले जीर्ण बन्दै गएको स्थानीय मानिसहरुको भनाइ छ । दूल्लु क्षेत्रमा भएको नेपाली भाषाको पहिलो शिलालेखसहित किर्तिखम्ब, दूल्लु दरबार, धर्मगद्दी, विजया मन्दिर, मष्टा मन्दिर, पञ्चदेवल, ढुंगेधारा र भगवती मन्दिरजस्ता सार्वजनिक सम्पदा व्यक्तिका नाममा भएकाले संरक्षण, मर्मत र जीर्णोद्धार हुन नसकेकाले अस्तित्व मेटिँदै गएको छ ।

**सम्पदा संरक्षण सम्बन्धी कानूनी व्यवस्था**

(क) नेपालको संविधानको धारा ३२ को उपधारा (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हुक हुनेछ भनी उल्लेख गरिएको छ । धारा ५१ को (ग) को (३) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासको लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसाद गर्ने राज्यको नीतिको रुपमा उल्लेख गरिएको छ ।

(ख) जग्गा (नाप जाँच) ऐन, २०१९ ले कुनै व्यक्तिले मात्र नभई सार्वजनिक रुप्मा उपभोग गर्न पाउने परापूर्वकाल देखि प्रचलनमा रहेको बाटो, कुवा, पानी, पँधेरा, पानीघाट, इनार, पोखरी तथा सोको डिल, गाईवस्तु निकाल्ने निकास, गौचर, मसानघाट, चिहान पाटी, पौवा, देवल, धार्मिक उपासना गर्ने स्थल, स्मारक, मठ, मन्दिर, चोक, डबली, ढल, चौतारो, हाट, मेला लाग्ने ठाउँ र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको जग्गा समेतलाई जनाउँदछ भनी सार्वजनिक जग्गालाई परिभाषित गरेको छ ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सार्वजनिक सम्पत्तिको संरक्षण एवं सुरक्षा गर्ने, सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने अधिकार र दायित्व नगरपालिका एवं गाउँपालिकालाई प्रदाग गरेको छ ।

(घ) मुलुकी देवानी संहिता, २०७४ मा सम्पत्ति सम्बन्धी व्यवस्था अनुसार कस्तो सम्पत्ति सरकारी, कस्तो सम्पत्ति सार्वजनिक सम्पत्ति र कस्तो सम्पत्ति सामुदायिक सम्पत्ति हुने भनी छुट्याइएको छ । जसअनुसार सरकारी सम्पत्ति भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहको सम्पत्ति सरकारी सम्पत्ति, सार्वजनिक प्रयोजनको लागि प्रयोग हुने सम्पत्ति सार्वजनिक सम्पत्ति र समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा, त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्व रहेको अन्य सम्पत्ति सामुदायिक सम्पत्ति हुनेछ भनी परिभाषित गरिएको छ ।

जिल्लाभित्र रहेका यस्तो सरकारी वा सार्वजनिक सम्पत्तिको विवरण मालपोत कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ । यस्तो सम्पत्तिको विवरण राख्न स्थानीय तहले मालपोत कार्यालयलाई सहयोग गर्नुपर्ने र मालपोत कार्यालयले पनि अधावधिक गरेको विवरण सम्बन्धित जिल्लास्तरीय प्रशासनिक कार्यालय र स्थानीय तहमा पठाउनु पर्नेछ । यसका साथै मालपोत कार्यालयले त्यस्तो जग्गा सरकारी निकाय वा सार्वजनिक संस्था वा समुदायको नाममा दर्ता गरी त्यस्तो जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरी दिनुपर्नेछ ।

(ङ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५(५) मा प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ग) मा जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउँने अधिकार दिइएको छ भने ऐ. ऐनको दफा १०क मा सार्वजनिक सम्पत्तिको अभिलेख तयार गर्ने जिम्मेवारी समेत प्रमुख जिल्ला अधिकारीलाई दिईएको छ ।

(च) भूमि सम्बन्धी ऐन, २०२१ (आठौ संशोधन)

बाँकी ३ पेजमा

## विश्व

# बाढीका कारण म्यान्मारमा करिब तीन सयजनाको मृत्यु



**याङ्गुन, ४ असोज ।**

म्यान्मारमा बाढीका कारण मृत्यु हुनेको संख्या २९३ पुग्नुका साथै ८९ जना बेपत्ता भएको यहाँको राष्ट्रिय दैनिक 'द मिरर'ले जनाएको छ ।

रिपोर्टअनुसार बाढीले विभिन्न क्षेत्र तथा राज्यहरूमा असर गरेको र बिहीबारसम्म ४७ हजार १९ घरधुरीका एक लाख ६१ हजार ५९२ बाढीपीडितले ४२५ राहत शिविरमा आश्रय लिएका छन् । बाढीले सात लाख ६६ हजार ५८६ हेक्टर बाली डुबानमा पर्नुका साथै एक लाख २९ हजार १५० जनावरको मृत्यु भएको प्रतिवेदनमा उल्लेख छ ।

यागी नाम दिइएको आँधीका कारण बंगालको खाडीमा परेको न्यूनचापीय प्रभावका कारण म्यान्मारमा भारी वर्षा भएको र व्यापक बाढी आएको जनाइएको छ । बाढी प्रभावित क्षेत्रको सरसफाइ, स्वास्थ्य सेवालगायत बाढीपीडितका लागि खाद्यान्न तथा अन्य आवश्यक सामग्री वितरण गर्न स्थानीय निकाय, उद्धार संस्था र बासिन्दा मिलेर काम गरिरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आफन्तबाट सहयोग नमिल्न सक्छ । शत्रुको जित हुनेछ । परिवारसँग को मनमुटाव बढ्नेछ । यात्राको लागि योग सफल नरहला ।

**वृष** — आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । घरजग्गाको कारोबारमा सफलता मिल्नेछ । वैदेशिक कार्य पनि सहजै अघि बढ्नेछ ।

**मिथुन** — आज आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । साथीभाइसँग समय बित्नेछ ।

**कर्कट** — रमणीय र सुखद् यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भइएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**सिंह** — यात्रामा मालसामान हराउन सक्छ । सहकर्मीबाट विरोध आउला । गलत निर्णय लिन पुगिएला । चोटपटकको भय छ, सचेत रहनुहोला ।

**कन्या** — आज शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । आस मारेको काम बन्नेछ । दाम्पत्य जीवन सुखमय नै हुनेछ ।

**तुला** — आज महत्त्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्ला । कुनै कुराले मनमा शान्ति छाउनेछ । शिक्षामा सफलता मिल्नेछ ।

**वृश्चिक** — आज आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । सेवाभावमा मन लाग्नेछ । पारिवारिक सुख मिल्नसक्छ ।

**धनु** — अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । मनमा दुबिधा उत्पन्न हुनेछ । पारिवारिक समस्या आउनेछ । सरकारी निकायको भय रहनेछ ।

**मकर** — नसोचेको ठाउँबाट धनागम हुनेछ । मनोरञ्जनमा सहभागिता भइएला । बिनाप्रतिस्पर्धा फाइदा हुनेछ । आर्थिक कारोबारमा सफलता पाइएला ।

**कुम्भ** — आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ ।

**मीन** — आज राजनैतिक कार्यमा र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ, तर स्वास्थ्य प्रति सजग रहनु पर्छ ।

# अब राज्यको पोलिसी मेकिङमा योगदान गर्न चाहन्छुः मीन भाम



✍ **ईश्वर लुइँटेल**



'नेपालमा पनि चलचित्र बन्छन् ? नेपाली चलचित्र पनि हुन्छन् ? भन्ने कुरा मीन भामको 'साम्बाला' हेरेपछि थाहा भयो,' एक नेपाली पत्रकारले सोधेको प्रश्नमा चर्चित भारतीय कलाकार नवाजुद्दिन सिद्दिकीले दिएको जवाफ हो यो ।

७४औं बर्लिन अन्तर्राष्ट्रिय चलचित्र महोत्सवबाट निकै राम्रो प्रशंसा बटुल्न सफल चलचित्र हो 'साम्बाला' । नेपाली उच्च हिमाली जनजीवनसँगै बहुपति प्रथामा आधारित कथावस्तु समेटिएको चलचित्र 'साम्बाला'का तर्फबाट अभिनेत्री थिन्ले ल्होमोले स्वीट्जरल्यान्डको प्रसिद्ध फिल्म फेस्टिबल लोकार्नोले प्रदान गर्ने 'बोकानिलो डिओर' अर्वाडसमेत जितिन् ।

अन्तर्राष्ट्रिय जगत्मा सकारात्मक प्रतिक्रिया बटुलेर स्वदेश फर्किएको चलचित्र 'साम्बाला' गत २८ भदौदेखि सिनेमा घरहरूमा लागिरहेको छ । मीन भामको व्यक्तिगत दोस्रो चलचित्र 'साम्बाला' यतिखेर ओस्कार उपाधिका लागि समेत दौडमा छ । सयौं नेपाली चलचित्रमध्ये एकाध चलचित्रलाई मात्र नेपाली दर्शकले पत्याउने देशको त्यस्तो युवा हुन् भाम, जसले नेपाली चलचित्रकर्मीका रूपमा नेपालमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरमै लगातार ह्याट्रिक हानिरहेका छन् ।

२०४२ सालमा मुगुको एउटा हिमालैहिमालले घेरिएको गाउँमा जन्मिएका भाम त्यो हिमाल हेर्दै त्यसभन्दा पर के होला भनेर टोलाउने गर्थे । बाल्यकालमा उनका खासै साथीहरू थिएनन् । उनी आफ्नो उमेर समूहका कोहीसँग खासै नखुल्ने स्वभावका थिए । घरका बुबाआमा अथवा अभिभावक बिहान खेतबारीमा निस्केर एकैचोटि राति मात्र फर्किन्थे । बुबाआमासँग समय बिताउन वा रमाउन चाडपर्व नै पर्खनुपर्ने हुन्थ्यो । अन्तर्मुखी स्वभावका उनको ८/९ वर्षको उमेरमा ६०/६१ वर्षका मानिसहरूको संगत थियो ।

आफू मायाको भोको र त्यो माया आफ्नो उमेर समूहका केटाकेटीबाट नपाउने भएका कारण पनि आफूले बुढापाकाको संगत गर्ने गरेको उनी बताउँछन् । त्यसबाहेक खोला किनारमा एक्लै बालुवा खेलेर, आकाश हेरेर टोलाउने गर्थे । मुगुकै पहिलो फोटोग्राफर भामका बुबाले नै गाउँमा २९ इन्चको रंगिन टेलिभिजन भित्र्याएका थिए । पछि उनले नै गाउँमा सिनेमा हल खोले । त्यही हलमा फिल्म हेर्ने क्रममा हो भामले सिनेमाबारे सोच्न थालेको, सिनेमाप्रति सपना देख्न थालेको । त्यही सपनाले उनलाई काठमाडौंसम्म ल्याइपुऱ्यायो ।

आज पनि उनी आफूले कहिल्यै बच्चा भएर बाँच्न नपाएको सुनाउँछन् । 'आज त्यो बेलाको मेरो जीवन सम्झिँदा अलिअलि भए पनि बालापनको आनन्द लिन पाएको भए पनि त हुन्थ्यो नि जस्तो लाग्छ,' भाम भन्छन्, 'सायद त्यसकै परिणाम हो कि मैले आफ्नो पहिलो चलचित्र 'कालो पोथी' गरेको ।'

'कालो पोथी' त्यो फिल्म हो, जसले भामलाई उत्कृष्ट चलचित्रकर्मीका रूपमा करिब ८ वर्षअघि नै नेपालमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरमै चिनाएको थियो । त्यसको करिब आठ वर्षपछि भामले दोस्रो चलचित्रका रूपमा पछिल्लोपल्ट 'साम्बाला' पस्किएका हुन् । यतिखेर एकातर्फ सिनेमा घरहरू 'साम्बाला'मय बनिरहेका छन् भने अर्कोतर्फ 'साम्बाला'का निर्माता मीन स्वयम् भने सिनेमाघरको त्यो भिडभाडमा त्यति देखिएका छैनन् ।

सिनेमा लागेको दोस्रो दिन केही हलमा पुगे पनि त्यसयता सिनेमा नपुगेकाले सिनेमाघरको माहौलबारे आफू त्यति जानकार नरहेको उनको भनाइ छ । बाहिरी रूपमा जति हल्ला-खल्ला र कोलाहलको माहौल बन्छ, त्यतित्यति आफूलाई लुक्न र भाग्न मन लाग्ने उनी सुनाउँछन् ।

> यसबाहेक खोला किनारमा एक्लै बालुवा खेलेर, आकाश हेरेर टोलाउने गर्थे । मुगुकै पहिलो फोटोग्राफर भामका बुबाले नै गाउँमा २९ इन्चको रंगिन टेलिभिजन भित्र्याएका थिए ।

**फेरि राजनीतिमा होमिने**

बुबा गाउँको मुखिया भएकाले हरेकजसो साँझ घरमा कचहरी बस्थ्यो, गाउँका हरेक किसिमका झैझगडा उनकै घरमा बसेको कचहरीले मिलाउने काम गर्थ्यो । त्यसबाहेक परिवारका धेरैजसो सदस्यहरू राजनीतिमा भएकाले सानै उमेरदेखि राजनीतिप्रतिको चेत उनमा थियो ।

भाम २०५० सालमा नेविसंघको गाउँ समिति अध्यक्ष, २०५६ सालमा नेविसंघ जिल्ला महासचिव, २०७७ मा कांग्रेस सूचना तथा सञ्चार विभाग केन्द्रीय सदस्यहुँदै २०७९ सालको प्रतिनिधिसभा निर्वाचनका लागि मुगुबाट नेपाली कांग्रेसका तर्फबाट (पिछडिएको खस आर्यबाट) समानुपातिक उमेदवारका लागि सिफारिस भएका थिए ।

अब भने सक्रिय राजनीतिमा आउने तयारी रहेको भामको भनाइ छ । जुनसुकै हालतमा केन्द्रीय राजनीतिमा आउनुपर्छ भन्ने सोचमा आफू रहेको उनी सुनाउँछन् । त्यसका लागि आफूसँग एथेष्ट साहस, योग्यता रहेको र आफू पनि मानसिक रूपमा तयार रहेको उनी बताउँछन् । आफू आबद्ध दल नेपाली कांग्रेस बाधक बने विद्रोह गरेर होस् वा पार्टी त्यागेरै किन नहोस्, जुनसुकै रूपमा आगामी चुनावमा आफू चुनावी मैदान उत्रिने अठोट उनले गरेका छन् ।

भन्छन्, 'समस्या सत्ता र सदन मात्र नभएर राजनीतिक दलको विधानदेखि, संस्कार र चरित्रसम्म भएकाले त्यो सबैलाई धोई पखाली गर्ने र सँगै कम्तीमा राज्यको पोलिसी मेकिङमा केही योगदान गर्ने मेरो अभिप्राय हो ।'

# कविता : पग्लिएका मन



✍ **विमल हमाल** 'युरेनस'

हरेक निशाहरुमा
लहरै-लहरका पातहरुले,
तब,
राष्ट्रियताका धुन बजाउछन,
मेरो स्वदेश गीतमा
श्रुती मधुर मावल बन्छ ।

तब, बेवास्थाको शमन गीत बज्छ ,
एउटा रमझम साँझमा
सापटको पश्चिमी
संस्कृतीको स्वर गुन्जन्छ,
नाच्छ, देखाउछ,
आस्था हिन साँधमा
प्रतिज्ञा रुपी एक शबल ।

जब, पक्षपाती मन चिर्न
स्वर विहीन मन उठ्छन,
तब, मन-मनमा पग्लिन्छन,
सदाबहार गीत बनेर
नारायण गोपाल र नातिकाजीहरु,
बोल्छ ,एक जीवन्त गीत

मलेवा देवी र अरुणाहरु ।
तब ,अग्लिन्छन्
भिर पाखामा देउडा र रोदीहरु
बज्छन, उनकै साँझमा
रिटीङ-रिटीङ बिनायोहरु,
चढाउछन, गुराँसको लाली रङमा
मनका मुधुर थुङ्गाहरु,
राष्ट्रियताको मेरो धुनमा
लुटुक्क भारी मनहरुमा
सोरठी, टप्पा, भोटेसेलो संग
गुन्जिन्छन,
एकल धुन सित
पग्लिन्छन,
हजारौ –हजार मनहरु ।

# कविता : सम्बन्ध



✍ **सन्तोष बिक**



यहाँ सम्बन्धहरू अनमोल छन्, तर
तिनको प्रकृति फरक फरक हुन्छ ।
केही सम्बन्धहरू त सृष्टिको अमूल्य
उपहार जस्तै हुन्छन्,
जहाँ प्रेम र निष्ठाको गहिरो भावना
लुकेको हुन्छ
तर केही सम्बन्धहरू केवल क्षणिक
लाभका लागि जोडिएका हुन्छन्
जुन स्वार्थको शृंखलामा बाँधिएका

जीवनको यात्रामा, हामी अनेकौं
सम्बन्धहरू जोड्छौं,
केही सम्बन्धले हाम्रो मनको गहिराइ
छुन्छन्,
महत्त्वपूर्ण पाठहरू सिकाउँछन् अनि
बिलाउँछन् ।
तर, जब मन र भावना बिनाको
सम्झौतामा सम्बन्ध बन्छ,
त्यो सम्बन्ध घातक बन्न सक्छ ।
छिटै घनिष्ट भएका सम्बन्धहरू
कहिलेकाहीं,
आशा र अपेक्षाहरू पूरा नहुँदा
दुश्मनीमा परिणत हुन सक्छन्
कहिलेकाहीं सम्बन्धहरू चप्पल जस्तै

हुन्छन्,
जसले साथ दिने जस्तो देखिए पनि,
पछाडि हिलो छ्याप्ने ।

केही सम्बन्ध पानीका फोकाजस्तै
हुन्,
जुन मात्र पानी पर्दा देखिन्छन्,
र समयको बगाइमा विलय हुन्छन् ।
तर, सम्बन्ध होस् त नङ र मासु जस्तो,
जुन जति जुधे पनि एकअर्कासँग
छुट्न सक्दैनन् ।

सम्बन्ध होस् त ढुङ्गा र माटो जस्तो,
जहाँ दृढता र स्थायित्व छ ।
सम्बन्ध होस् त जुन र ताराको जस्तो,
जहाँ दूरीको बावजुद पनि उज्यालो छ ।

सम्बन्धहरू महत्त्वपूर्ण छन्,
तर सही समयमा सही निर्णय लिनु ।
काँट छाँठ गरेर, जीवनको बगैचामा
सिर्जना गरौं सजीव, सार्थक र अमर
सम्बन्धहरूको ।

# गजल



✍ **सुनिल जैसी 'रुद्र'**

भोलि पक्कै गर्छु भन्दै मज्जाले
ढाँटेको छ
एउटा अल्छीले शिखर चढ्न
आँटेको छ

केही चीज बनाउन केही भत्काउनै
पर्छ रे
घरको जग बसाल्ने दिन रिबन
काटेको छ

कोही पनि भरिपूर्ण हुन सक्दैन
जिन्दगीमा
लुगा सिलाउनेहरूको पनि मन
फाटेको छ

यो अवस्था बनाइदियो बाछिटोले
साहुको
हलीको पानीकागजसँग छाता
साटेको छ

साथ दिन समय र अवस्थाले रोक्न
सक्दैन
लाछाले पनि त कसैको कपाल
बाटेको छ ।

## घटना-३...

गाउँपालिकाको लालीघाट बजारमा माथिबाट आएको पहिरोमा परेर आठ जनाले ज्यान गुमाएका थिए । भिरालो जमिन, कर्णाली नदीको छेउछाउमा रहेका कालीकोटका केही बस्ती बाढीपहिरोको उच्च जोखिममा रहेका छन् ।

जिल्लाकाे नरहरिनाथ गाउँपालिका-१ को लालीघाट, शुभकालिका गाउँपालिका-१ जितेबजार, सान्नी त्रिवेणी गाउँपालिकाको शान्तिघाट बजार, महावै गाउँपालिकाको पादमघाट, तिलागुफा नगरपालिकाको नाग्म बजार, पचालझरना गाउँपालिकाको भुराबगर वर्षायाममा बाढी पहिरोको उच्च जोखिममा रहेका छन् ।

कर्णाली राजमार्ग र कर्णाली करिडोर आसपासमा बनेका यी बस्ती राजमार्ग आएपछि बनेका नयाँ बस्ती हुन् । कर्णाली राजमार्ग र कर्णाली करिडोर बनेपछि बनेका बस्ती कर्णाली नदी किनारमा रहेकाले बाढी पहिरोको उच्च जोखिममा रहेको नरहरिनाथ गाउँपालिकाका पूर्वअध्यक्ष धीरबहादुर विष्टले बताए ।

'कर्णाली नदी किनारमा बनेका बजार विकासको गतिसँगै बनेका हुन्', उनले भने, 'जुन ठाउँमा नदीमा जोखिमका बस्ती छन् । यी पहिला थिएनन् । नयाँ बस्ती नदी किनारमा भएका कारणले उच्च जोखिममा रहेका छन् ।'

## बेरुजु...

पनि मन्त्रिपरिषद्को निर्णय छ ।

नेपाल इन्टर मोडल यातायात विकास समिति काठमाडौंको दोधारा चाँदनी सुख्खा बन्दरगाह एकीकृत जाँच चौकी निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ । पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा गठित त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पती खोजबिन समितिको म्याद २ महिना थप गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । सो समितिको संयोजकमा महेन्द्रकुमार थापालाई तोकिएको मन्त्री गुरुङले जानकारी दिए ।

त्यसैगरी मन्त्रिपरिषद्ले भक्तपुर क्यान्सर समिति विकास समिति गठन (पहिलो संशोधन) आदेश २०८१ स्वीकृत गर्ने, वसन्तपुर जग्गा एकीकरण आयोजनाका लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने र नेपाल विद्याभुषण, नेपाल छात्रा विद्या पदक र राष्ट्रिय पुरस्कार सम्बन्धी पहिलो संशोधन निर्देशिका २०८१ स्वीकृत गर्ने निर्णय पनि गरेको छ । मन्त्रिपरिषद्ले नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्रांकित विशिष्ट श्रेणीको रिक्त एक पदमा कमलप्रसाद पोखरेल शर्मालाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुदुरपश्चिममा पदस्थापना गर्ने निर्णय गरेको छ । त्यसैगरी वर्तमान सरकारको साझा संकल्प तथा नीतिगत प्रतिबद्धता संवद्ध सबै मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने पनि सरकारको निर्णय छ । सहकारी संस्था वचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको प्रतिवेदन, २०८१ कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने पनि सरकारले निर्णय गरेको छ ।

त्यसैगरी, निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सुरेश आचार्यलाई ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ऊर्जा सचिवको जिम्मेवारी दिइएको छ । डा. गोविन्दप्रसाद शर्मालाई कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको कृषि विकास सचिवको जिम्मेवारी दिइएको छ ।

## पुनर्निमार्णका...

को दफा ५२ख को उपदफा (४) मा देहायको जग्गा धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा, प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा, सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रुख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगको लागि आवश्यक रहेको जग्गा र अन्य तोकिए बमोजिमको स्थानका जग्गा समेतलाई संरक्षण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

(छ) प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ मा सार्वजनिक प्राचीन स्मारकको स्वामित्व पुरातत्व विभागमा रहनेछ । त्यस्ता सार्वजनिक प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातन्व विभागले गर्ने, दफा ४ मा को उपदफा (१) मा कुनै व्यक्तिको निजी सम्पत्तिको रुपमा रहेको प्राचीन स्मारक वा कुनै प्राचीन स्मारक क्षेत्रभित्र रहेको निजी वा संस्थागत स्वामित्वको घर जग्गा नेपाल सरकारले स्मारक तथा स्मारक क्षेत्रको वातावरण संरक्षणको दृष्टिकोणले आवश्यक ठानेमा मूल्यांङ्कनको आधारमा मूल्य दिई किन्न सक्ने र दफा ६ मा सदर मोफसलका सबै ठाउँमा प्रमुख जिल्ला अधिकारीले आफ्नो इलाकामा रहे भएको पुरातात्विक वस्तुहरुको पत्ता लगाई सो वस्तुको संरक्षणका निमित्त मुख्य पुरातत्व अधिकृतलाई सबै विवरण खोली लेखी पठाउनु पर्छ भन्ने कानूनी व्यवस्था गरेको छ ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को (क) मा संरक्षणयोग्य स्मारक भनेर १०० वर्ष पुरानो हुनुपर्ने आधार राखेको छ । ऐनको यो प्रावधानको सम्बन्धमा प्राचीन स्मारकसँग मात्र छ । ऐन-कानूनले जे भने पनि समुदाय स्तरमा सम्पदाको आफ्नै आयाम छन् । दूल्लु क्षेत्रमा रहेका नेपाली भाषाको पहिलो शिलालेखसहित किर्तिखम्ब, दूल्लु दरबार, धर्मगद्दी, विजया मन्दिर, मष्टा मन्दिर, पञ्चदेवल, ढुंगेधारा र भगवती मन्दिरजस्ता सार्वजनिक सम्पदा संरक्षणमा सरकारी मात्र नभई व्यापक जनसहभागिताको खाँचो छ र सम्पदा संरक्षणमा सामुदायिक छलफल आवश्यक छ । यसो हुँदा राज्य र समुदाय दुवैले सम्पदाबारे निर्णय गर्न सक्छन् । अहिलेको अवस्थामा पुरातत्व विभागले मात्रै यसको जिम्मा लिएको देखिन्छ । यति मात्रै पर्याप्त हुँदैन । अब तिनै तहका सरकार, समुदाय सबैले आफ्नै पहलमा दूल्लु क्षेत्रमा भएका महत्वपूर्ण ठहरिएका प्राकृतिक र साँस्कृतिक सम्पदा पहिचान गरेर तिनको उचित सम्मान र संरक्षण गर्न स्वयं स्थानीय सरकार, स्थानीय समुदाय जागरुक हुनुपर्छ । त्यति मात्र होइन आफूसँग भएका घरबारी, खोल्सा, पानीका मुहान लगायत आफ्ना पहिचान र धरोहर सम्झेर संरक्षण गर्नुपर्छ । आफू जन्मेको पुर्ख्यौली थलो, घर लगायतलाई पुर्खाको चिनो तथा नासो सम्झेर बचाई राखे भावी पुस्तालाई अमूल्य सम्पदा हुन्छ । यसका लागि नेपालको संविधानको धारा ४८ बमोजिम नागरिक कर्तव्यलाई आत्मसाथ किन नगर्ने ? त्यति मात्र होइन हाम्रो समाजमा पुरातात्विक महत्वका व्यक्तित्व र संरचना छन् । तिनलाई ताजा राख्दै समाजलाई प्रेरणादायी स्मारकका रुपमा संरक्षण गर्न राज्यको मात्रै मुख ताक्नु उपयुक्त हुँदैन ।

प्राचीन स्मारक संरक्षण ऐन २०१३, गुठी ऐन, २०३३, प्राचीन स्मारक संरक्षण नियमावली, २०६४, प्राचीन स्मारक संरक्षणसम्बन्धी कार्यविधि जस्ता कानूनले आधुनिक प्रविधि प्रयाग गरी सम्पदा पुनर्निमार्ण गर्न निषेध गरेको छ । त्यसैगरी सन् १९६४ मा पारित भएको इन्टरनेसनल भेनस चार्टर, एनएआरए डकुमेन्ट १९९४, युनेस्को अपरेसनल गाइडलाइन जस्ता अन्तर्राष्ट्रिय कानूनले समेत पनि सम्पदा परम्परागत शैलीमै बनाउने व्यवस्था गरेको छ । यही प्रिन्सिपल र गाइडलाइनअनुसार दूल्लु क्षेत्रका पुरातात्विक सम्पदाको पुनर्निमार्ण गर्नुपर्छ ।

दूल्लु दरबारक्षेत्र हाल व्यक्तिका नाममा भएको भएतापनि व्यक्तिको नामबाट राज्यले लिइ पुनर्निमार्ण गर्नुको विकल्प छैन । राज्यको नाममा लिने कार्यमा जग्गाधनीले समेत सहयोग गर्नु उनीहरुको दायित्व हो । नत्र एउटा ऐतिहासिक सम्पदा नै गायब हुनसक्छ । दरबार पुनर्निमार्णमा राज्य र स्थानीय सरकारले स्थानीय समुदायसँग छलफल गरि जतिसक्यो छिटो पुनर्निमार्ण गर्नुपर्दछ । पुननिर्माणमा भूकम्प प्रतिरोधात्मक गर्ने नाममा सबै संरचनामा आरसीसी बीमले बाँध्नुपर्ने बाध्यताले हाम्रो रैथाने मौलिकता मासिदै गएको छ । दूल्लु दरबारको पुनर्निमार्ण गर्दा यस्ता आधुनिक शैली अपनाउँनु हुँदैन । यस्तो शैलीले दरबारको संरक्षण हुँदैन । सम्पदा संरक्षणका लागि आर्थिक फाइदा मात्र हेरिनु हुँदैन । इतिहास, वर्तमान, भविष्यको ख्याल गर्दै दूल्लु दरबारको पुनर्निमार्ण गर्दा बुद्धिमानी हुन्छ । यो कुरा दूल्लु क्षेत्रको जमीन, घरबारी, विशेष संरचना, त्यहाँको परम्परामा समेत लागू हुनुपर्छ । यसरी बृहत तरिकाले सोच्दा हाम्रा परम्परा, लवाइखुवाइ, बाजा, गीत, सङ्गीत, स्थानीय नृत्य, चाडबाड, घरआँगन, खेतबारी, डाँडापाखा, नदीनाला लगायतको उचित संरक्षण र संवर्द्धन गर्ने दायित्व हामी सबैको हो । यसो गर्दा दूल्लु क्षेत्रमा पर्यटकीय क्षेत्रको विकास गर्नमा महत्वपूर्ण योगदान पुग्छ । ऐतिहासिक विरासत बोकेको दूल्लु दरबारलाई लामो समयसम्म खण्डहर बन्न दिनु हुँदैन, जतिसक्यो छिटो दूल्लु दरबारलाई पुनर्निमार्ण गरेर मात्र ऐतिहासिक सम्पदाको संरक्षण हुनसक्छ । दरबार पुनर्निमार्णका लागि सबै सरोकारवालाले आ-आफ्नो ठाउँबाट सकारात्मक पहलकदमी लिउँ र जतिसक्यो छिटो पुनर्निमार्णको कार्य अघि बढायौं । यस विषयलाई दूल्लु नगरपालिकाले विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

*(लेखक मध्य-पश्चिम विश्वविद्यालयमा स्नातकोत्तर तहमा पत्रकारिता तथा आमसञ्चारमा अध्ययनरत विद्यार्थी हुन् ।)*


# गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**शुभाघाट, सुर्खेत**
**कर्णाली प्रदेश नेपाल**

## कवाडी कर उठाउने सम्बन्धी प्रस्तावना आव्हान गरिएको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८१/०६/०१**

यस गुर्भाकोट नगरपालिका क्षेत्र भित्र सङ्कलन हुने कवाडी मालसामानमा लाग्ने कवाडी कर संकलन सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्म/कम्पनीले शुल्क संकलनका लागि सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा तपसिल अनुसारको शर्तको अधिनमा रही सिलबन्दी दरभाउ पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल** :

| सि न | कार्य विवरण | न्यूनतम ठेक्का रकम मु. अ. क. बाहेक | दरभाउ दस्तुर |
|---|---|---|---|
| १. | यस नगरपालिका क्षेत्रभित्र कवाडी सामान उठाउने सम्बन्धी ठेक्का । | १,३०,००० (एक लाख तिस हजार) | रु १००० |

**ठेक्का सम्बन्धी शर्तः**

१. आफुले लिन चाहेको ठेक्का र कबुल गरेको ठेक्काल रकम स्पस्ट बुझिने गरी अंक र अक्षरमा खुलाई सहि छाप गरी आफै वा आफ्नो प्रतिनिधीद्वारा शिलबन्दी प्रस्ताव पत्र पेश गर्नुपर्दछ ।
२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ ।
३. म्याद नाघी वा रित नपुगी प्राप्त भएको प्रस्ताव पत्र उपर कारबाही हुने छैन ।
४. प्रस्तावना पत्र स्वीकृत भई आशय पत्र प्रकाशन भएको मितिले ७ सात दिन भित्र कबोल गरेको रकम एकमुष्ठ रुपमा जम्मा गरी सक्कल भौचर लिई कार्यालयमा आउनुपर्नेछ। भ्याट रकम नियमानुसार दाखिला गर्नुपर्नेछ ।
५. प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता स्वयम् वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्तावपत्र खोल्न बाँधा पुग्ने छैन
६. प्रस्ताव दाखिला गर्ने अन्तिम मिति २०८१/०६/१५ गते दिनको ५:०० बजे सम्म हुनेछ ।
७. प्रस्ताव मिति २०८१/०६/१६ गते दिनको २:०० बजे खोलिने छ। प्रस्ताव स्वीकृत गर्ने, वा आंशिक स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ । प्रस्ताव स्वीकृत गर्दा अधिकतम मूल्याङ्कितसारभूत रुपमा प्रभावग्राहीरुपमा गरिने छ ।
८. यो सूचनामा उल्लेखित भएको कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।


**पूर्ण बहादुर खत्री**
**प्रशासकीय अधिकृत**

युगआह्वान
राष्ट्रिय दैनिक

# पूर्वाधार र प्रचारप्रसार अभावमा कञ्चनपुरका पर्यटकीयस्थल सुनसान

**युग संवाददाता**
**कञ्चनपुर, ४ असोज ।**

पूर्वाधार विकास र प्रचारप्रसार नहुँदा यहाँका पर्यटकीय क्षेत्र ओझेलमा परेका छन् । यहाँको गड्डाचौकी नाका भएर भारतीय तथा तेस्रो मुलुकका पर्यटक आउँछन् तर गड्डाचौकी नाका भएर आएका पर्यटक यहाँका पर्यटकीयस्थलको भ्रमण नगरी काठमाडौँ र पोखरातर्फ लाग्ने गरेका छन् ।



अध्यागमन कार्यालयका सूचना अधिकारी पदमराज भट्टले गड्डाचौकी नाकाबाट तेस्रो मुलुकका पर्यटक आए पनि सिधैँ काठमाडौँ पोखरालगायत सहर घुम्न जाने गरेको बताए । "अहिले विदेशी पर्यटक आउने सङ्ख्या बढेको छ", उनले भने, "गत वर्षको तुलनामा यो वर्ष विदेशी पर्यटक आउनेक्रम बढेको छ ।" शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पर्यटन विकासको सम्भावयुक्त क्षेत्र हो । सयौँको सङ्ख्यामा देखिने बाह्रसिङ्गाको झुण्ड र घाँसेमैदान यहाँ आउने पर्यटकको मुख्य आकर्षण हन् । यहाँ शुक्लाफाँटा मात्र नभई महाकालीपारिका दोधारा र चाँदनी गाउँलाई जोड्ने एसियाकै सबैभन्दा लामो झोलुङ्गे पुल पनि छ । धार्मिक महत्वका पर्यटकीयस्थल पनि छन् । बेदकोट र झिलीमिली तालसम्म सहज पहुँच नहुँदा यी क्षेत्र ओझेलमा परेका छन् ।

उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लले यहाँको पर्यटनको विकासका लागि राज्य स्तरबाट लगानी हुन नसकेको बताए । "यहाँ पर्यटनको प्रचुर सम्भावना छ तर पूर्वाधार र प्रचारप्रसार नहुँदा यो क्षेत्र ओझेलमा छ", उनले भने ।

कञ्चनपुरका पर्यटन व्यवसायी जगदीशचन्द्र भट्टले पूर्वाधार र सुविधा नहुँदा यहाँ आएका पर्यटक अन्यत्र बासबस्ने गरेका बताए । "प्रचारप्रसार र पूर्वाधार अभाव नै यहाँ पर्यटक नबस्ने प्रमुख कारण हुन्", उनले भने, "नाकामा पर्यटक सूचना केन्द्रसमेत सञ्चालनमा आउन सकेको छैन ।" योसँगै हवाई यातायात पनि सञ्चालनमा आउन जरुरी रहेको उनले बताए ।

त्यसैगरी यहाँ पर्यटकीय गन्तव्यको रूपमा महाकाली नदी किनार विकसित हुन थालेको छ । महाकाली पुल योजना कार्यालयले महाकाली नदीमा चार लेनको पक्की पुलसँगै पर्यटकका लागि चारवटा ताल पनि निर्माण गर्न लागेको छ । तालका समीप पाँच हजार बिरुवा पनि रोप्ने योजना छ ।

## नरहरिनाथका...

चौकी र वडा कार्यलय आवतजावत गर्न कठिनाइ भोग्नु परेको छ,' उनले भने, 'गाउँका आएको समस्या समधानमा कसैले ध्यान दिनुभएको छैन् ।'

नरहरिनाथ गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समिति, नरहरिनाथ गाउँपालिकामा कार्यरत साझेदारी संघ संस्थाहरु लगायत सबै सरोकारवालाहरुमार्फत नरहरिनाथ गाउँपालिका वडा नं. ५ रुप्सा गाउँमा गएको बाढी पहिरोको अनुगमन गरिएको गाउँपालिका प्रवक्ता प्रदीप बोहोराले बताए ।

'कालेखोलामा निरन्तर बगिरहेको छ,' उनले भने, 'अनुगमन गर्दा पहिरो अझैं रोकिने स्थितिमा छैन गाउँका ३२ घरपरिवार घरमा बस्नुहुन्न । घरहरु बस्न योग्य पनि छैनन् । घर अगाडी र पछाडीबाट बाढी पहिरो आएको छ ।'

परिस्थिती अत्यन्त भयावह भएको र बारीमा लगाएको अन्नबाली बगाएको गाउँपालिका प्रवक्ताले बोहोराले जानकारी दिए । उनका अनुसार वडास्तरीय विपद् व्यवस्थापन समिति, सबै राजनीतिक दल, अन्य सरोकारवाला र सम्बन्धित पहिरोका पिडितहरुसँग छलफल गरी सुझाव सल्लाहसहित राहतको प्रक्रियाको लागि स्थानीय विपद् ब्यवस्थापन समितिमार्फत जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश र संघमा पहल सुरु भएको छ ।

**कालीकोटका ५१ बस्ती बाढीपहिरोको जोखिममा**

कालीकोटको नौं स्थानीय तहका ५१ बस्ती बाढीपहिरोको उच्च जोखिममा रहेका छन् । जिल्लाको नरहरिनाथ गाउँपालिका सबैभन्दा बढी जोखिममा रहेको छ । यस पालिकाका १३ बस्तीका पाँच सयभन्दा बढी घर बाढीपहिरोको जोखिममा छन् भने कम जोखिममा भएको पालिकामा तिलागुफा नगरपालिका रहेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । तिलागुफाको पनि छाप्रेका टाकुल्ला, छाप्रे, ओखरभित्ता, खल्ला लगायत बस्ती बाढीपहिरोको जोखिममै रहेको नगर प्रमुख शंकरप्रसाद उपाध्यायले बताए ।

रास्कोट नगरपालिका-११, सान्नीत्रिवेणी गाउँपालिकाका-७, तिलागुफा नगरपालिकाका-७, खाडाँचक्र नगरपालिकाका-७, शुभकालिका गाउँपालिका-४, महाबै गाउँपालिका-५, पचालझरना गाउँपालिका पाँच र पलाँता गाउँपालिका सात वटा बस्ती बाढीपहिरोको उच्च जोखिममा रहेका छन् ।

# मौरीघारमा भालु आतंक किसान चिन्तित

**गोल्डेन बुढा**
**जुम्ला, ४ असोज ।**

भालुले मौरीघारहरूमा क्षति पुऱ्याउन थालेपछि जुम्लाका मौरीपालक किसानहरू मारमा परेका छन् । भालुबाट मौरी बचाउन कठिन भइरहेको उनीहरूको दुःखेसो छ । जुम्लाको चन्दननाथ नगरपालिका-२ खोलिकोट गाउँका रामकृष्ण बुढ्थापाले दुई वर्षमा १३ वटा घार भालुले खाइदियो बताए ।

अब अहिले उनीसँग एक मात्र घार छ । त्यो घार पनि भालुबाट बचाउन कठिन भएको उनको गुनासो छ । 'भालु धपाउन अनेकन जुत्तिहरू निकालैं । रातभर मान्छेहरू जाग्राम बस्ने,थाल ठट्याउने,दमाह बजाउने,घण्टा बजाउने देखि टीनहरू ठट्याउने समेत गरियो,' मौरीपालक किसान बुढ्थापाले भने, 'केही गरेर पनि भालुदेखि घार बचाउन सकिएन । न भालु धपाउन सकियो नत घारको सुरक्षा गर्न सकियो । बरु भालुले खाइरहेको घारहरू हरेक दिन हेरेर मन खिन्न बनाइरहनु पऱ्यो ।'

उनी बर्सेनि लाखौंको मह बेचिरहेका थिए । जंगलको छेउमा मौरीपालन भएकोले पनि चरन क्षेत्रको अभाव थिएन । बुढ्थापाले भने, 'जंगलको छेउमा चरनक्षेत्र थियो । भालुदेखि बचाउन गाह्रो भयो । गाउँ नजिकै मौरीपालन गर्दा चरन क्षेत्र अभावले रोग लाग्न थाल्यो । हामी मौरीपालन किसानलाई काही गएपनि शान्ति छैन ।'

उनको मौरीपालन हेर्न आन्तरिक तथा बाह्य मौरीपालक किसानहरू आइरहन्थे । भालुले मौरीको लार्भा र मह खाइरहेको छ । दुधिलो र मिठो हुने भएकोले मौरी घार खोजीखोजी खाने गरेको किसानहरू बताउँछन् । मौरीपालन सहकारी संस्था जुम्लाका सचिव नारायण चौलागाईंले भदौ, असोज र कात्तिक महिना मौरीपालनमा भालु आतंकनै हुने गरेको बताए । उनले भने, 'भालु मौरीघारमा लाग्यो भने सिध्याएर मात्र अन्यत्र जान्छ । नत्र वरिपरि नै बसिरहन्छ ।' भालुले चन्दननाथ नगरपालिकाको चौरखोला, रडिखल्ला र तलिउम क्षेत्रमा मौरीघारहरू सखाप पारिरहेको छ । कनकासुन्दरीको लेकाली क्षेत्र, पातारासीको पेरे, गुठिचौरको कोल्ते क्षेत्रमा मौरीघारमा भालु पल्किने गरेको छ । अहिले भालु मौरीको प्रमुख दुश्मन हो । सचिव चौलागाईंले भने, 'भालु धपाउने अनेक उपाय फेल भएपछि भालुले मौरी खाइरहेको टुलुटुलु हेर्नुको विकल्प छैन ।' अहिले मान्छेहरू गोठाला बस्ने भएकोले घर नजिकैका घारहरू सुरक्षित छन् । जब मान्छेहरू घरतिर झर्छन् । भालु गाउँ नजिकै आएर मौरी खान थाल्छ,' उनले भने, 'अज्ञात रोगले मौरीहरू त माऱ्यो नै । भालुले समेत छाडेन । उल्टै अहिले मानिसहरू समेत भालुदेखि डराउनुपर्ने अवस्था आइपुगेको छ ।'

मौरीपालन गरिरहेको स्थानमा घण्टा झुण्ड्याउने, थाल ठट्याउने हल्लीखल्ली गर्ने, सोलार बत्ती बाल्ने गरिएको छ । तर पनि भालुको आतंक कम भइरहेको छैन । पछिल्लो समयमा किसानहरू पटका पट्काएर पनि भालु धपाउन कोसिस गरिरहेका छन् । तर पनि तर्सिंदैन । हाकाहाँकी मौरीको घार खाइहाल्छ । हरेक वर्ष कुल घार संख्याको १५ प्रतिशत घार भालुले खाइदिने गरेको मौरीपालन सहकारीको तथ्यांकमा छ ।

'जब मान्छेहरू निदाउँछन् । उतिबेला घार खान भालु आइदिन्छ,' सचिव चौलागाईंले भने । किसानहरूले भालु धपाउने उपाय दिन सरकार सग माग गरेका छन् । भालु र रोगले मौरी मासिन थालेपछि किसानहरूले मौरीको दररेट तोक्न कृषि विकास कार्यालयमा पुगे । किनकि सरकारले ७५ प्रतिशत अनुदानमा मौरीको बिमा गर्ने व्यवस्था गरेको छ । अन्य जिल्लाहरूमा मौरी बिमाको सेवा किसानहरूले लिइरहेका छन् ।

**घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।

**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

**उद्योग खारेजीको सूचना**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री बिजयराम न्यौपाने धनी रहेको, दर्ता नम्बर १३८२/०६७/०६८ बाट वी.न.नपा-१, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री न्यौपाने मसला उत्पादन तथा प्याकेजिङ उद्योग नामको प्राइभेट/साझेदारी उद्योग मेरो/ हाम्रो घरायसी /आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN **कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।